नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

# केन्द्रीय तथ्याङ्क विभाग

## प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजा सार्वजनिक कार्यक्रम

**२०७६ आषाढ १६ गते** (July 01, 2019)

## प्रेश विज्ञप्ति

केन्द्रीय तथ्याङ्क विभागले समय समयमा विभिन्न गणना, सर्वेक्षणहरू तथा अन्य स्रोतवाट तथ्याङ्कहरू संकलन गरी यसका नतिजाहरू प्रयोगकर्ता समक्ष पुऱ्याउँदै आएकोछ । भरपर्दो र विश्वसनीय तथ्यांकका आधारमा देशको समृद्धिका कार्यक्रमहरू तर्जुमा तथा सञ्चालन हुनुपर्दछ भन्ने हाम्रो मान्यता हो । दिगोरूपमा आर्थिक तथ्याङ्कहरू उपलव्ध गर्न देशमा आर्थिक तथ्याङ्क प्रणालीलाई मजबुत तुल्याउनु पर्ने आजको आवश्यकता हो । अझ भन्ने हो भने देशको आर्थिक वृद्धिलाई मजबुत तुल्याउनका लागि आर्थिक तथ्यांकलाई सबल तुल्याउन आवश्यक रहेकोछ । आर्थिक तथ्यांकको आधारको रूपमा विभिन्न प्रकारका उद्योग, व्यवसाय, संघसंस्था आदि जस्ता प्रतिष्ठानहरू (आर्थिक एकाइहरू) को विवरण संकलन गर्ने उद्देश्यले केन्द्रीय तथ्याङ्क विभागले मिति २०७५ साल वैशाख १ गते देखि जेष्ठ ३१ गते सम्म नेपालको प्रथम राष्ट्रिय आर्थिक गणनाको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिसकेकोछ । यस गणनामा सन्दर्भ दिनका रूपमा २०७५ वैशाख १ गतेपलाई तोकिएको थियो । विभागले देशका ७७ जिल्लामा नै आर्थिक गणना कार्यालयहरू स्थापना गरी आर्थिक गणना तथ्याङ्क संकलन कार्यक्रम देशव्यापीरूपमा सञ्चालन गरेको थियो ।

देशमा आर्थिक तथ्यांकको आधार खडागर्नु यस गणनाको मुलभूत लक्ष्य रहेको छ भने प्रतिष्ठान तथा व्यवसायहरूको व्यावसायिक क्रियाकलाप सम्बन्धी वर्तमान अवस्थाका आधारभूत तथ्याङ्कहरू उपलब्ध गराउनु, केन्द्र, प्रदेश तथा स्थानीय तहका सरकारहरूलाई योजना तर्जुमा र नीति निर्माण गर्न आधारभूत आर्थिक तथ्याङ्कहरू उपलब्ध गराउनु, राष्ट्रिय लेखा प्रणालीको सुदृढीकरण, तथ्याङ्कीय व्यावसायिक रजिष्टरको निर्माण, सम्बन्धित क्षेत्रका व्यवसायीहरू र प्राज्ञिक अनुसन्धानकर्ता तथा अन्य तथ्याङ्क प्रयोगकर्ताहरूलाई क्रमशः व्यवसाय समृद्धिका लागि नीति तथा योजना तर्जुमा गर्न र अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कहरू उपलव्ध गराउनु आर्थिक गणनाका उद्देश्यहरू हुन् ।

यस गणनामा सबै आर्थिक क्रियाकलापका अन्तर्राष्ट्रिय स्तर औद्योगिक वर्गीकरण (International Standard Industrial Classification of All Economic Activities) मा उल्लेख भए अनुसारका नेपालमा सञ्चालन भएका वा क्रियाशिल (१) कृषि, वन तथा माछापालन व्यवसाय (दर्ता भएका प्रतिष्ठानमात्र), (२) खानी तथा उत्खनन्; (३) औद्योगिक उत्पादन; (४) विद्युत, ग्याँस, वाफ तथा वातानुकुलित आपूर्ति; (५) पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा प्रशोधन क्रियाकलाप ; (६) निर्माण;

(७) थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मत; (८) यातायात तथा गोदाम; (९) आवास सुविधा तथा खाना व्यवस्थाका क्रियाकलाप; (१०) सूचना तथा सञ्चार; (११) वित्तीय तथा विमा सम्बन्धी क्रियाकलाप; (१२) घरजग्गा कारोबारका क्रियाकलाप; (१३) पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप; (१४) प्रशासनिक तथा सहयोगी क्रियाकलाप; (१५) शिक्षा; १६) मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप; (१७) कला, मनोरञ्जन तथा मनोविनोद क्रियाकलाप; र (१८) अन्य सेवा क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठान व्यवसायहरूलाई गणनामा समेटिएको छ। गणनामा माथि उल्लेखित क्रियाकलापहरू सञ्चालन गर्ने प्रतिष्ठानहरूको ठेगाना, मुख्य क्रियाकलाप, रोजगार, पुँजी लगानी, ऋणमा पहुँच, रोजगारी, औसत मासिक विक्री तथा आम्दानी, औसत मासिक खर्च, तलबज्याला खर्च आदि सम्बन्धी विवरणहरू संकलन गरिएका थिए।

नेपालको तथ्यांकीय इतिहासमा प्रथमपटक यस गणनामा कागजी प्रश्नावली फारामका साथै अनलाइन सर्वेक्षण (e-census) मार्फत उत्तरदाताले आफ्नो प्रतिष्ठानको विवरण आफै भर्न सक्ने र गणक मार्फत ट्याब्लेट कम्प्युटर (CAPI) प्रयोग गरी गणना गर्न सकिने विधि अपनाइएको थियो। आर्थिक गणनाको स्थलगत तथ्यांक संकलन कार्यका लागि जिल्ला व्यवस्थापन कर्मचारीहरू, सुपरिवेक्षक, गणकहरू सहित करिब ४५०० गणना कर्मचारीहरू संलग्न रहेका थिए। नेपाल सरकारको आफ्नै स्रोत साधनमा राष्ट्रिय आर्थिक गणना २०७५ का कार्यक्रमहरू सञ्चालन गरिएका थिए। यस आर्थिक गणना सञ्चालन गर्न क्षमता विकासका लागि जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को प्राविधिक सहयोग रहेकोछ ।

राष्ट्रिय आर्थिक गणना २०७५ को स्थलगत तथ्यांक संकलन तथा भरिएका फारामहरूको प्रशोधन (Data Processing) कार्य समेत सम्पन्न भई अन्तिम नतिजा तयार गरिएकोछ। यसै आर्थिक वर्षभित्र राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजा प्रकाशन गर्ने लक्ष्य अनुरूप गणनाको राष्ट्रिय प्रतिवेदनको प्रथम भाग प्रकाशित गरिएकोछ। हाल यस आर्थिक गणनामा सोधिएका विवरणका आधारमा चरणवद्धरूपमा आगामी आर्थिक वर्ष २०७६/७७ मा पनि बाँकी नतिजाहरू तथा विश्लेषणात्मक प्रतिवेदनहरू प्रकाशन गर्दै जाने योजना रहेकोछ।

अन्त्यमा, यस आर्थिक गणनाको तथ्यांक संकलनको क्रममा आ–आफ्ना प्रतिष्ठानहरूको विवरण दिइ सहयोग पुर्‍याउनु हुने विभिन्न क्षेत्रका उद्योग, व्यवसाय, संघसंस्था, प्रतिष्ठानहरू, गणनाको प्रारम्भ देखि विभिन्न चरणहरूमा आर्थिक गणनालाई सफल तुल्याउन सहयोग गर्ने जिल्ला आर्थिक गणना समन्वय समितिका पदाधिकारीहरू, जिल्ला आर्थिक गणना कार्यालयमा गणना व्यवस्थापन तथा सञ्चालन गर्ने कर्मचारीहरू, नेपाल सरकारका विभिन्न निकायहरू, गैर सरकारी निकायहरू, उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र अन्य संघसंस्थाहरू, विभिन्न सञ्चारकर्मी तथा पत्रकारबन्धुहरू सबै प्रति यस विभाग हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छ। साथै राष्ट्रिय आर्थिक गणना २०७५ बाट प्राप्त नतिजाहरूको भरपुर उपयोग हुनेमा केन्द्रीय तथ्यांक विभाग विश्वास राख्दछ।

**वेबसाइट :** https://cbs.gov.np/
**फोन : ४१००५२४**

# राष्ट्रिय आर्थिक गणना २०७५ का मुख्य नतिजाहरू

- प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को नतिजा अनुसार नेपालमा सञ्चालित प्रतिष्ठानहरूको संख्या **९,२३,३५६** रहेकोछ। यस मध्य ४६२, ६०५ प्रतिष्ठानहरू दर्ता भएका (५०.१%)र ४६०,४२२ प्रतिष्ठानहरू दर्ता नभइ (४९.९ %) र दर्ता स्थिति नखुलेका ३२९ (०.०४% ) सञ्चालनमा रहेको देखिन्छ।
- प्रतिष्ठानहरूमा सक्रियरूपमा संलग्न जनशक्ति संख्या **३,२२८,४५७** जसमध्ये पुरुष २,०१२,२३७ (६२.३%) र महिला १,२१६,२२० (३७.७ %) रहेको देखिन्छ।

## १. आर्थिक क्रियाकलापको क्षेत्र अनुसार प्रतिष्ठान संख्या

| क्र.स. | खण्ड | आर्थिक क्रियाकलापको क्षेत्र | प्रतिष्ठान संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | A | कृषि, वन तथा माछापालन व्यवसाय (दर्ता भएका प्रतिष्ठानमात्र) | २४,२२९ | २.६२ |
| २ | B | खानी तथा उत्खनन् | ६६३ | ०.०७ |
| ३ | C | औद्योगिक उत्पादन | १०४,०५८ | ११.२७ |
| ४ | D | विद्युत, ग्याँस, वाफ तथा वातानुकुलित आपुर्ति | १,२४२ | ०.१३ |
| ५ | E | पानी आपुर्ति,ढल, फोहर व्यवस्थापन तथा प्रशोधन क्रियाकलाप | २,५२५ | ०.२७ |
| ६ | F | निर्माण | १,६०८ | ०.१७ |
| ७ | G | थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मत | ४९८,०६९ | ५३.९४ |
| ८ | H | यातायात तथा गोदाम | ३,१८२ | ०.३४ |
| ९ | I | आवास सुविधा तथा खाना व्यवस्था | १३०,५४२ | १४.१४ |
| १० | J | सूचना तथा सञ्चार | २,७९६ | ०.३० |
| ११ | K | वित्तीय तथा विमा | १७,९९६ | १.९५ |
| १२ | L | घरजग्गा कारोबार | २०७ | ०.०२ |
| १३ | M | पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ८,२०४ | ०.८९ |
| १४ | N | प्रशासनिक तथा सहयोगी क्रियाकलाप | ६,८७३ | ०.७४ |
| १५ | P | शिक्षा | ४०,८३९ | ४.४२ |
| १६ | Q | मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप | १९,९९० | २.१६ |
| १७ | R | कला, मनोरञ्जन तथा मनोविनोद क्रियाकलाप | २,८२१ | ०.३१ |
| १८ | S | अन्य सेवा क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठान | ५७,५१४ | ६.२३ |
| | | **जम्मा** | **९२३,३५६** | **१००.००** |

# २. आर्थिक क्रियाकलापको क्षेत्र अनुसार प्रतिष्ठानमा संलग्न जनशक्ति संख्या

| क्र.स. | खण्ड | आर्थिक क्रियाकलापको क्षेत्र | जम्मा | पुरुष | महिला | जम्मा प्रतिशत | पुरुष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | A | कृषि, वन तथा माछापालन व्यवसाय (दर्ता भएका प्रतिष्ठानमात्र) | १०६,४१० | ६६,३८१ | ४०,०२९ | ३.३० | २.०६ | १.२४ |
| २ | B | खानी तथा उत्खनन् | ७,७२६ | ७,३४२ | ३८४ | ०.२४ | ०.२३ | ०.०१ |
| ३ | C | औद्योगिक उत्पादन | ५१०,५२३ | ३७७,६७८ | १३२,८४५ | १५.८१ | ११.७० | ४.११ |
| ४ | D | विद्युत, ग्याँस, वाफ तथा वातानुकुलित आपुर्ति | २०,१७० | १७,०१३ | ३,१५७ | ०.६२ | ०.५३ | ०.१० |
| ५ | E | पानी आपुर्ति,ढल, फोहर व्यवस्थापन तथा प्रशोधन क्रियाकलाप | १५,३१२ | ११,५५८ | ३,७५४ | ०.४७ | ०.३६ | ०.१२ |
| ६ | F | निर्माण | १४,७५० | १२,६१८ | २,१३२ | ०.४६ | ०.३९ | ०.०७ |
| ७ | G | थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मत | ९८८,३४६ | ६१६,७६९ | ३७१,५७७ | ३०.६१ | १९.१० | ११.५१ |
| ८ | H | यातायात तथा गोदाम | २०,०२७ | १६,१४८ | ३,८७९ | ०.६२ | ०.५० | ०.१२ |
| ९ | I | आवास सुविधा तथा खाना व्यवस्था | ३४६,२७३ | १९६,६५० | १४९,६२३ | १०.७३ | ६.०९ | ४.६३ |
| १० | J | सूचना तथा सञ्चार | ३९,७८९ | २९,४६२ | १०,३२७ | १.२३ | ०.९१ | ०.३२ |
| ११ | K | वित्तीय तथा विमा | २०६,९७९ | ११४,२६८ | ९२,७११ | ६.४१ | ३.५४ | २.८७ |
| १२ | L | घरजग्गा कारोबार | १,९७७ | १,४७१ | ५०६ | ०.०६ | ०.०५ | ०.०२ |
| १३ | M | पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ३३,२५४ | २४,५३२ | ८,७२२ | १.०३ | ०.७६ | ०.२७ |
| १४ | N | प्रशासनिक तथा सहयोगी क्रियाकलाप | ४५,९९९ | ३४,२४७ | ११,७५२ | १.४२ | १.०६ | ०.३६ |
| १५ | P | शिक्षा | ५१३,३३६ | २९२,८८२ | २२०,४५४ | १५.९० | ९.०७ | ६.८३ |
| १६ | Q | मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप | १६४,४९८ | ७१,०६४ | ९३,४३४ | ५.१० | २.२० | २.८९ |
| १७ | R | कला, मनोरञ्जन तथा मनोविनोद क्रियाकलाप | १६,०६२ | ११,२९० | ४,७७२ | ०.५० | ०.३५ | ०.१५ |
| १८ | S | अन्य सेवा क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठान | १७७,०२६ | ११०,८६४ | ६६,१६२ | ५.४८ | ३.४३ | २.०५ |
| | | जम्मा | **३,२२८,४५७** | **२,०१२,२३७** | **१,२१६,२२०** | **१००.००** | **६२.३३** | **३७.६७** |

# ३. गणनाबाट प्राप्त प्रतिष्ठान सम्बन्धी मुख्य तथ्यांकहरू

- **प्रतिष्ठानको व्यवस्थापकको लिंग अनुसार प्रतिष्ठान संख्याः**
  - पुरुष व्यवस्थापकले संचालन गरेको प्रतिष्ठान संख्याः ६४८,७७३ (७०.२६ %)
  - महिला व्यवस्थापकले संचालन गरेको प्रतिष्ठान संख्याः २७३,४३६ (२९.६१ %)
- **प्रतिष्ठानको व्यवस्थापकको उमेर समूह अनुसार प्रतिष्ठान संख्याः**
  - ३० वर्ष मुनिका व्यवस्थापकले संचालन गरेको प्रतिष्ठान संख्याः १८६,९४१ (२०.२५ %)
  - ३० देखि ४० वर्षमुनिका व्यवस्थापकले संचालन गरेको प्रतिष्ठान संख्याः ३११,७०५ (३३.७६ %)
  - ४० देखि ५० वर्षमुनिका व्यवस्थापकले संचालन गरेको प्रतिष्ठान संख्याः २३७,६०७ (२५.७३ %)
  - ५० देखि ६० वर्षमुनिका व्यवस्थापकले संचालन गरेको प्रतिष्ठान संख्याः १२१,९१८ (१३.२० %)
  - ६० वर्षदेखि माथिका उमेर समूहका व्यवस्थापकले संचालन गरेको प्रतिष्ठान संख्याः ५७,८५३ (६.२७ %)
- **व्यवसायधनीको नागरिकता अनुसार प्रतिष्ठान संख्या**
  - नेपाली प्रतिष्ठानधनीले संचालन गरेको प्रतिष्ठान संख्या : ८१७,५८६ (८८.५५ %)
  - भारतीय प्रतिष्ठानधनीले संचालन गरेको प्रतिष्ठान संख्या : ९,९३२ (१.०८ %)
  - अन्य मुलूकका प्रतिष्ठानधनीले संचालन गरेको प्रतिष्ठान संख्या : ३३३ (०.०४ %)
- **दैनिक सञ्चालन हुने समय (घण्टा) अनुसार प्रतिष्ठान संख्या**
  - ४ घण्टा भन्दा कम संचालन हुने प्रतिष्ठान संख्या : ३७,५५४ (४.०७ %)
  - ४ देखि ५ घण्टा संचालन हुने प्रतिष्ठान संख्या : २८,८१२ (३.१२ %)
  - ६ घण्टा संचालन हुने प्रतिष्ठान संख्या : ५४,४९० (५.९० %)
  - ७ घण्टा संचालन हुने प्रतिष्ठान संख्या : ४७,१८४ (५.११ %)
  - ८ घण्टा संचालन हुने प्रतिष्ठान संख्या : ५१,०२४ (५.५३ %)
  - ९ देखि ११ घण्टा संचालन हुने प्रतिष्ठान संख्या : २२९,४२५ (२४.८५ %)
  - १२ घण्टादेखि माथि संचालन हुने प्रतिष्ठान संख्या : ४७३,६९८ (५१.३० %)
- **वर्षभरि नै सञ्चालन हुने र गत वर्ष (२०७४) प्रतिष्ठान संचालन भएको दिन संख्याका आधारमा प्रतिष्ठान संख्या**
  - १०० दिनभन्दा कम सञ्चालन भएको प्रतिष्ठान संख्या : ७२,०३३ (७.८६ %)
  - १०० देखि १४९ दिन सञ्चालन भएको प्रतिष्ठान संख्या : १८,४३७ (२.०१ %)
  - १५० देखि १९९ दिन सञ्चालन भएको प्रतिष्ठान संख्या : १९,९९० (२.१८ %)
  - २०० देखि २४९ दिन सञ्चालन भएको प्रतिष्ठान संख्या : ६५,६९७ (७.१७ %)
  - २५० देखि २९९ दिन सञ्चालन भएको प्रतिष्ठान संख्या : ८५,७४८ (९.३५ %)
  - ३०० दिनभन्दा बढी सञ्चालन भएको प्रतिष्ठान संख्या : ५५७,५९६ (६०.८२ %)

- **मौसमीरूपमा (सिजनल) सञ्चालन हुने प्रतिष्ठान संख्या :** ६०७४
- **प्रतिष्ठान संचालन शुरु भएको मिति अनुसारका प्रतिष्ठान संख्या**
    - वि.स. २०७२ देखि २०७५ (जेष्ठ सम्म) : ३९४,२१९ (४२.१९ %)
    - वि.स. २०६५ देखि २०७१ : ३०७,७१७ (३३.३३ %)
    - वि.स. २०५५ देखि २०६४ : १२०,३५६ ( १३.०३ %)
    - वि.स. २०४५ देखि २०५४ : ४६६५६ (५.०५ %)
    - वि.स. २०४४ भन्दाअघि सञ्चालन भएका : २८,६६० (३.१० %)
    - सञ्चालन मिति थाहा नभएको : २५,७४८ (२.७९ % )
- **प्रतिष्ठान सञ्चालन भएको भवनको स्वामित्व स्थिति अनुसारका प्रतिष्ठान संख्या**
    - आफ्नै भवन वा कोठामा सञ्चालन : ४००,८४८ (४३.४१ % )
    - भाडाको भवन वा कोठामा सञ्चालन : ४२६,३८०(४६.१८ % )
    - लिज वा ठेक्काको भवन वा कोठामा सञ्चालन : ७,८५९ (०.८५ % )
    - अन्य प्रकारको स्वामित्व स्थिति भएका भवन वा कोठामा सञ्चालन : २२,९१२ (२.४८ % )
- **प्रतिष्ठान सञ्चालन भएको स्थिति अनुसारका प्रतिष्ठान संख्या**
    - बाटो, सडकमा सञ्चालन ३४,१०१ (३.६९ %)
    - आफु वसोवास गर्ने घरमा नै सञ्चालन ३८६,३२३ (४१.८४ %)
    - आफ्नो वासस्थान भन्दा फरक स्थानमा सञ्चालन ३२३,६२१ (३५.०५ % )
    - परम्परागत बजारमा सञ्चालन ६७,४४१ (७.३० % )
    - आधुनिक व्यापार मलमा सञ्चालन २०,८०९ (२.२५ % )
    - एउटै ठूलो ब्लक वा कम्पाउण्डमा सञ्चालन ५८,३४४ (६.३२ % )
    - अन्य प्रकारको स्थितिमा सञ्चालन ३२,७१७ (३.५४ % )
- **प्रतिष्ठान सञ्चालन भएको भवन कोठाको क्षेत्रफल अनुसारका प्रतिष्ठान संख्या**
    - १०० वर्गफिट भन्दा कम १७२,९८५ (१८.७३ % )
    - १०० देखि ४९९ वर्गफिट सम्म ५२८,४९१ (५७.२४ % )
    - ५०० देखि ९९९ वर्गफिट सम्म ५०,००७ (५.४२ % )
    - १००० देखि ९९९९ वर्गफिट सम्म ६८,३७३ (७.४० % )
    - १०००० देखि ४९,९९९ वर्गफिट सम्म १०,३४८ (१.१२ % )
    - ५०,००० वर्गफिट भन्दा माथि २,१६२ (०.२३ % )
- **प्रतिष्ठानको संगठन स्थिति अनुसारका प्रतिष्ठान संख्या**
    - एकल एकाइ ८९८,९९६(९७.३६ % )
    - मुख्य कार्यालय १,९२८ (०.२१ % )
    - शाखा कार्यालय २०,२१९ (२.१९ % )
    - उप शाखा कार्यालय १,७५५ (०.१९ % )
    - संगठन नखुलेको ४५८ (०.०५ % )

- **प्रतिष्ठानहरू (एकल एकाइ र मुख्य कार्यालय) को लेखा स्रेस्ता राख्ने गरेका वा नगरेका अनुसार प्रतिष्ठान संख्या**
  - लेखा स्रेस्ता राख्ने गरेका प्रतिष्ठान संख्या ४२७,२४१ (४७.४२ % )
  - लेखा स्रेस्ता राख्ने नगरेका प्रतिष्ठान संख्या ४७२,३५० (५२.४३ % )
- **ऋणमा पहुँच**
  - व्यावसायिक उद्देश्यका लागि ऋण लिएका प्रतिष्ठान संख्याः ३२०,३५४ (३५.६ % )
  - ऋणमा पहुँचको स्थिति अनुसार प्रतिष्ठान संख्या
    - वित्तीय संस्था (बैंक, फाइनान्स, लघुवित्त) १६२,६५३ (१८.१ % )
    - वित्तीय संस्था बाहेक (सहकारी, व्यक्तिगत, अन्य संस्था) १५७,७०१ (१७.५ % )

## ४. प्रतिष्ठानमा संलग्न जनशक्ति सम्बन्धी तथ्यांक

- **प्रतिष्ठानको दर्ता स्थिति अनुसार संलग्न जनशक्ति संख्या**
  - सरकारी निकायमा दर्ता भएका प्रतिष्ठानमा संलग्न जनशक्तिः २,३९४,०९७ (७४.१६ % )
  - सरकारी निकायमा दर्ता नभएका प्रतिष्ठानमा संलग्न जनशक्तिः ८३२,१८७ (२५.७८ % )
- **प्रतिष्ठानको व्यवस्थापकको लिंग अनुसार प्रतिष्ठानमा संलग्न जनशक्ति संख्या**
  - पुरुष व्यवस्थापक भएका प्रतिष्ठानमा संलग्न जनशक्तिः २,३०३,०७५ (८०.६३ % )
  - महिला व्यवस्थापक भएका प्रतिष्ठानमा संलग्न जनशक्तिः ६०९,३३१ (१८.८७ % )
- **प्रतिष्ठानधनीको नागरिकता अनुसार प्रतिष्ठानमा संलग्न जनशक्ति :**
  - प्रतिष्ठानधनी नेपाली भएका प्रतिष्ठानमा संलग्न जनशक्तिः २,३५६,४५७ (७२.९९ % )
  - प्रतिष्ठानधनी भारतीय नागरिक भएका प्रतिष्ठानमा संलग्न जनशक्तिः २७,०४२ ( ०.८४ % )
  - प्रतिष्ठानधनी अन्यु मुलूकका नागरिक भएका प्रतिष्ठानमा संलग्न जनशक्तिः १०,५०६ (०.३३ % )
- **दैनिक सञ्चालनहुने समय (घण्टा) अनुसार प्रतिष्ठानमा संलग्न जनशक्ति**
  - ४ घण्टाभन्दा कम संचालन हुने प्रतिष्ठानमा संलग्न जनशक्ति : ११९,२९१ (३.६९ %)
  - ४ देखि ५ घण्टासम्म संचालन हुने प्रतिष्ठानमा संलग्न जनशक्तिः ८८,३४९ (२.७४ %)
  - ६ घण्टा संचालन हुने प्रतिष्ठानमा संलग्न जनशक्तिः ४०५,७६१ (१२.५७ %)
  - ७ घण्टा संचालन हुने प्रतिष्ठानमा संलग्न जनशक्तिः ३३१,०४२ (१०ं२५ %)
  - ८ घण्टा संचालन हुने प्रतिष्ठानमा संलग्न जनशक्तिः ३२०,९७५ (९.९४ %)
  - ९ देखि ११ घण्टासम्म संचालन हुने प्रतिष्ठानमा संलग्न जनशक्तिः ६६१,२४४ (२०.४८ %)
  - १२ घण्टादेखि माथि संचालन हुने प्रतिष्ठान मा संलग्न जनशक्तिः १,२९५,२२० (४०.१२ %)

- **वर्षभरि नै सञ्चालन हुने र गत वर्ष (२०७४) संचालन भएको दिन संख्याका आधारमा प्रतिष्ठानमा संलग्न जनशक्ति**
  - १०० दिनभन्दा कम सञ्चालन भएको प्रतिष्ठानमा संलग्न जनशक्तिः १९९,१४३ (६.३० %)
  - १०० देखि १४९ दिनसम्म सञ्चालन भएको प्रतिष्ठानमा संलग्न जनशक्तिः ३९,१४८ (१.२४ %)
  - १५० देखि १९९ दिनसम्म सञ्चालन भएको प्रतिष्ठानमा संलग्न जनशक्तिः ५४,४८९ (१.७२ %)
  - २०० देखि २४९ दिनसम्म सञ्चालन भएको प्रतिष्ठानमा संलग्न जनशक्तिः ३८२,२८५ (१२.१० %)
  - २५० देखि २९९ दिनसम्म सञ्चालन भएको प्रतिष्ठानमा संलग्न जनशक्तिः ३५५,७६५ (११.२६ %)
  - ३०० दिनभन्दा बढी सञ्चालन भएको प्रतिष्ठानमा संलग्न जनशक्तिः १,५४८,८५० (४९.०२ %)

- **मौसमीरूपमा (सिजनल) सञ्चालन हुने प्रतिष्ठानमा संलग्न जनशक्ति : ६५,७५२**
- **प्रतिष्ठान संचालन शुरु भएको मिति अनुसारका प्रतिष्ठानमा संलग्न जनशक्ति**
  - वि.स. २०७२ देखि २०७५ (जेष्ठसम्म) : ९१०,४९० (२८.२० %)
  - वि.स. २०६५ देखि २०७१ : ९९८,११७ (३०.९२ %)
  - वि.स. २०५५ देखि २०६४ : ५६९,४४६ ( १७.६४ %)
  - वि.स. २०४५ देखि २०५४ : ३१८,३०० (९.८६ %)
  - वि.स. २०४४ भन्दा अघि सञ्चालन भएका : ३३८,६३९ (१०.४९ %)
  - सञ्चालन मिति थाहा नभएका प्रतिष्ठानमा संलग्न जनशक्ति : ९३,४६५ (२.९०)
- **प्रतिष्ठान सञ्चालन भएको भवनको स्वामित्व स्थिति अनुसारका प्रतिष्ठानमा संलग्न जनशक्ति**
  - आफ्नै भवन वा कोठामा सञ्चालन : १,५४४,९७६ (४७.८५ % )
  - भाडाको भवन वा कोठामा सञ्चालन : १,३४२,५७६ (४१.५९ % )
  - लिज वा ठेक्काको भवन वा कोठामा सञ्चालन : १२६,८०५ (३.९३ % )
  - अन्य प्रकारको स्वामित्व स्थिति भएका भवन वा कोठामा सञ्चालन : ६९,१६६ (२.१४ % )
- **प्रतिष्ठान सञ्चालन भएको स्थिति अनुसारका प्रतिष्ठानमा संलग्न जनशक्ति**
  - बाटो, सडकमा सञ्चालन भएका प्रतिष्ठान ४५,३३० (१.४० %)
  - आफु वसोवास गर्ने घरमा नै सञ्चालित प्रतिष्ठान ८४१,२२४ (२६.०६ %)
  - आफ्नो वासस्थान भन्दा फरक स्थानमा सञ्चालित प्रतिष्ठान १,०४४,०११ (३२.३४ % )
  - परम्परागत बजारमा सञ्चालित प्रतिष्ठान १३३,०९९ (४.१२ % )
  - आधुनिक व्यापार मलमा सञ्चालित प्रतिष्ठान ८९,३९८ (२.७७ % )
  - एउटै ठूलो ब्लक वा कम्पाउण्डमा सञ्चालित प्रतिष्ठान ९०५,८२३ (२८.०६ % )
  - अन्य प्रकारको स्थितिमा सञ्चालित प्रतिष्ठान १६९,५७२ (५.२५ % )
- **प्रतिष्ठान सञ्चालन भएको भवन कोठाको क्षेत्रफल अनुसारका प्रतिष्ठानमा संलग्न जनशक्ति**
  - १०० वर्गफिट भन्दा कम ३१५,८४५ (९.७८ % )
  - १०० देखि ४९९ वर्गफिट सम्म १,२५४,८९८ (३८.८७ % )
  - ५०० देखि ९९९ वर्गफिट सम्म २५७,०४५ (७.९६ % )
  - १००० देखि ९९९९ वर्गफिट सम्म ६७६,८१२ (२०.९६ % )
  - १०००० देखि ४९,९९९ वर्गफिट सम्म २४५,४२७ (७.६० % )
  - ५०,००० वर्गफिट भन्दा माथि १५२,२७२ (४.७२ % )
- **प्रतिष्ठानको संगठन स्थिति अनुसारका प्रतिष्ठानमा संलग्न जनशक्ति**
  - एकल एकाइ २,८५४,४७० (८८.४२ % )
  - मुख्य कार्यालय १४८,३६७ (४.६० % )
  - शाखा कार्यालय २११,०१३ (६.५४ % )
  - उप शाखा कार्यालय ७८९१ (०.२४ % )
  - संगठन नखुलेको ६,७१६ (०.२१ % )

# ५. प्रदेश तथा  आर्थिक क्रियाकलाप अनुसार प्रतिष्ठान संख्या र संलग्न जनशक्ति

| खण्ड | आर्थिक क्रियाकलापको क्षेत्र | पदेश १ | | प्रदेश २ | | प्रदेश ३ | | गण्डकी प्रदेश | | प्रदेश ५ | | कर्णाली प्रदेश | | सुदूर पश्चिम प्रदेश | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिष्ठान संख्या | संलग्न जनशक्ति | प्रतिष्ठान संख्या | संलग्न जनशक्ति | प्रतिष्ठान संख्या | संलग्न जनशक्ति | प्रतिष्ठान संख्या | संलग्न जनशक्ति | प्रतिष्ठान संख्या | संलग्न जनशक्ति | प्रतिष्ठान संख्या | संलग्न जनशक्ति | प्रतिष्ठान संख्या | संलग्न जनशक्ति |
| A | कृषि, वन तथा माछापालन व्यवसाय ( दर्ता भएका प्रतिष्ठानमात्र) | ४,४०६ | २०४०९ | १,२३१ | ४५०८ | ६,९२७ | ४३३३३ | ४,०६७ | १२८९२ | ४,०८७ | १५३६८ | १,५९० | ४३२४ | १,९२१ | ५५७६ |
| B | खानी तथा उत्खनन् | ६० | ८०८ | ३७ | २७६ | २६९ | ३७७४ | ८५ | ११९९ | ८८ | १४४६ | ८ | ५९ | ११६ | १६४ |
| C | औद्योगिक उत्पादन | १९,३८० | १०१२७९ | १२,६५४ | ७९७७८ | ३२,७५५ | १६११९५ | १०,९२८ | ३७९९८ | १६,१७० | ९३७०६ | ४,४२८ | ९८८३ | ७,७४३ | २६६८४ |
| D | विद्युत, ग्याँस, वाफ तथा वातानुकुलित आपुर्ति | २६८ | ३२८९ | १० | २२८ | ३२५ | ११४९३ | २३६ | २०१३ | १०५ | १३२३ | १०३ | ५५३ | १९५ | १२७१ |
| E | पानी आपुर्ति,ढल, फोहर व्यवस्थापन तथा प्रशोधन क्रियाकलाप | ३७५ | १७४१ | १८५ | १०३५ | १,०२९ | ६८१० | ४०७ | १३८७ | ३६४ | ३५३७ | ७९ | ४४६ | ८६ | ३५६ |
| F | निर्माण | २७८ | २८७४ | ११० | ९९९ | ५५० | ६८६६ | २७२ | १५४३ | १४३ | १०९३ | १०८ | ३१४ | १४७ | १०६१ |
| G | थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मत | ८९,०२४ | १६७७५४ | ७४,२२२ | १३४७०३ | १४४,४४८ | ३२५२९२ | ५०,५७७ | ९९४९३ | ८३,६७२ | १६०८१३ | २२,७२८ | ४००२९ | ३३,३९८ | ६०२६२ |
| H | यातायात तथा गोदाम | ६७६ | ३३१५ | ३२८ | १६९८ | ९१२ | ८०१४ | ३६६ | १८४३ | ४७५ | २९४१ | १९७ | ११८५ | २२८ | १०३१ |
| I | आवास सुविधा तथा खाना व्यवस्थाका क्रियाकलाप | २४,२६९ | ५४६६५ | १०,८१३ | २५०६० | ४७,०२९ | १४५०९० | १६,०११ | ४५५७२ | १८,७१५ | ४५७८१ | ६,२३५ | १३३९८ | ७,४६८ | १६७०७ |
| J | सूचना तथा सञ्चार | ३९२ | ३७६७ | २४६ | २०५८ | १,३३१ | २६५६८ | २८१ | २३५६ | ३०३ | ३०५७ | ८८ | ७६३ | १५५ | १२२० |
| K | वित्तीय तथा विमा सम्बन्धी क्रियाकलाप | ३,२३५ | २५४७३ | १,३६९ | १६०९२ | ७,०९१ | १०१६९८ | २,२६२ | २७८९४ | २,३८२ | २१९६२ | ७०६ | ५९९४ | ९५१ | ७८६६ |
| L | घरजग्गा कारोबारका क्रियाकलाप | ३० | २०९ | २९ | ३१ | १२४ | १५३३ | १० | ७८ | ८ | १०३ | २ | ८ | ४ | १५ |
| M | पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | १,३९२ | ३१४२ | १,०५५ | १७९८ | ३,०१९ | २२१४७ | ७९७ | २०३९ | १,२०४ | २६१८ | २४६ | ४८४ | ४९१ | १०२६ |
| N | प्रशासनिक तथा सहयोगी क्रियाकलाप | ९६४ | ३२६३ | ८९५ | ३१५१ | ३,३६७ | ३३५६४ | ४२८ | १८२९ | ९३२ | ३१५५ | १०७ | ४६२ | १८० | ५७५ |
| P | शिक्षा | ७,८६७ | ९०३५१ | ४,३२४ | ५११०१ | १०,०३० | १६३९५८ | ४,७६५ | ६१०५४ | ६,१११ | ७५५८३ | ३,३७४ | २८५१८ | ४,३६८ | ४२७७१ |
| Q | मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप | ३,९७२ | २७६५२ | १,७२५ | १३५७४ | ४,९६४ | ७०८३४ | ३,३९७ | १७२१५ | २,९४४ | १९५९३ | १,१५५ | ५९९७ | १,८३३ | ९६३३ |
| R | कला, मनोरञ्जन तथा मनोविनोद क्रियाकलाप | ४७४ | १७६७ | १५३ | ६४५ | १,३६७ | १०२६६ | ४६६ | १८१४ | २२७ | ११८६ | ४६ | ९७ | ८८ | २८७ |
| S | अन्य सेवा क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठान | ११,४५६ | ३२३२१ | ८,२८४ | १८२५९ | १७,३८३ | ७६०६२ | ५,३२९ | १४२५३ | ९,८५९ | २०९९९ | १,६०७ | ६४३७ | ३,५९६ | ८६९५ |
| | जम्मा | १६८,५१८ | ५४४,०७९ | ११७,६७० | ३५४,९९४ | २८२,९२० | १,२१८,४९७ | १००,६८४ | ३३२,४७२ | १४७,७८९ | ४७४,२६४ | ४२,८०७ | ११८,९५१ | ६२,९६८ | १८५,२०० |

# ६. प्रदेश, जिल्ला अनुसार प्रतिष्ठान संख्या र संलग्न जनशक्ति

| जिल्ला कोड | प्रदेश, जिल्लाको नाम | प्रतिष्ठान संख्या | जम्मा | पुरुष | महिला | लिंग अनुपात (%) | प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या |
|---|---|---|---|---|---|---|---|
| | **नेपाल** | **९२३,३५६** | **३,२२८,४५७** | **२,०१२,२३७** | **१,२१६,२२०** | **१६५** | **३.५** |
| | **प्रदेश नं. १** | १६८,५१८ | ५४४,०७९ | ३२४,०३७ | २२०,०४२ | १४७ | **३.२** |
| | **प्रदेश नं. २** | ११७,६७० | ३५४,९९४ | २६८,२७९ | ८६,७१५ | ३०९ | **३.०** |
| | **प्रदेश नं. ३** | २८२,९२० | १,२१८,४९७ | ७३१,७८३ | ४८६,७१४ | १५० | **४.३** |
| | **गण्डकी** | १००,६८४ | ३३२,४७२ | १८५,४०० | १४७,०७२ | १२६ | **३.३** |
| | **प्रदेश नं. ५** | १४७,७८९ | ४७४,२६४ | ३०६,८९२ | १६७,३७२ | १८३ | **३.२** |
| | **कर्णाली** | ४२,८०७ | ११८,९५१ | ७०,८१४ | ४८,१३७ | १४७ | **२.८** |
| | **सुदूरपश्चिम** | ६२,९६८ | १८५,२०० | १२५,०३२ | ६०,१६८ | २०८ | **२.९** |
| १०१ | ताप्लेजुंग | ४,६५० | ११,५७३ | ६,६९९ | ४,८७४ | १३७ | **२.५** |
| १०२ | संखुवासभा | ६,०३८ | १९,२२७ | १०,८५० | ८,३७७ | १३० | **३.२** |
| १०३ | सोलुखुम्बु | ३,५०८ | १९,१३४ | ९,७०६ | ९,४२८ | १०३ | **५.५** |
| १०४ | ओखलढुंगा | ४,३४६ | २२,०३१ | १०,२९० | ११,७४१ | ८८ | **५.१** |
| १०५ | खोटांग | ४,३०८ | ११,३१४ | ६,६४५ | ४,६६९ | १४२ | **२.६** |
| १०६ | भोजपुर | ४,०७४ | १०,३६२ | ५,८७८ | ४,४८४ | १३१ | **२.५** |
| १०७ | धनकुटा | ५,९९७ | १५,८२० | ८,६८५ | ७,१३५ | १२२ | **२.६** |
| १०८ | तेह्रथुम | ३,४१२ | ८,९५५ | ५,०४५ | ३,९१० | १२९ | **२.६** |
| १०९ | पाँचथर | ५,४३७ | १३,५३४ | ७,६६१ | ५,८७३ | १३० | **२.५** |
| ११० | इलाम | ९,६६१ | २६,८०४ | १५,११३ | ११,६९१ | १२९ | **२.८** |
| १११ | झापा | ३८,७८९ | ११६,८३७ | ६८,८९० | ४७,९४७ | १४४ | **३.०** |
| ११२ | मोरंग | ३५,२४७ | १२७,८८७ | ८३,२७५ | ४४,६१२ | १८७ | **३.६** |
| ११३ | सुनसरी | ३१,५३६ | ११२,७०८ | ६९,०२१ | ४३,६८७ | १५८ | **३.६** |
| ११४ | उदयपुर | ११,५१५ | २७,८९३ | १६,२७९ | ११,६१४ | १४० | **२.४** |
| २०१ | सप्तरी | १६,२९५ | ४२,२५२ | २८,५९८ | १३,६५४ | २०९ | **२.६** |
| २०२ | सिराहा | १३,१३७ | ४०,५१३ | २९,१०१ | ११,४१२ | २५५ | **३.१** |
| २०३ | धनुषा | १७,९६५ | ५६,४७५ | ४३,२७३ | १३,२०२ | ३२८ | **३.१** |
| २०४ | महोत्तरी | १४,०४९ | ३६,९९८ | २८,१६१ | ८,८३७ | ३१९ | **२.६** |
| २०५ | सर्लाही | १५,२६० | ३८,६५७ | २७,९३१ | १०,७२६ | २६० | **२.५** |
| २०६ | रौतहट | १२,७९० | ४१,२६५ | ३२,११७ | ९,१४८ | ३५१ | **३.२** |
| २०७ | बारा | १२,४४९ | ४८,७२४ | ३८,२७९ | १०,४४५ | ३६६ | **३.९** |
| २०८ | पर्सा | १५,७२५ | ५०,११० | ४०,८१९ | ९,२९१ | ४३९ | **३.२** |
| ३०१ | दोलखा | ६,७५८ | २२,३३१ | १३,१२२ | ९,२०९ | १४२ | **३.३** |
| ३०२ | सिन्धुपाल्चोक | ९,०७६ | ३२,९४९ | १७,७२६ | १५,२२३ | ११६ | **३.६** |
| ३०३ | रसुवा | १,३७२ | ४,१७४ | २,४२० | १,७५४ | १३८ | **३.०** |
| ३०४ | धादिंग | १२,०५१ | ५५,५२१ | २९,६३९ | २५,८८२ | ११५ | **४.६** |
| ३०५ | नुवाकोट | ८,७९४ | ३०,१२९ | १८,०७३ | १२,०५६ | १५० | **३.४** |
| ३०६ | काठमाण्डौ | १२५,०४७ | ५९०,००२ | ३६२,१६२ | २२७,८४० | १५९ | **४.७** |
| ३०७ | भक्तपुर | १९,६३१ | ८६,२९६ | ४९,९०१ | ३६,३९५ | १३७ | **४.४** |
| ३०८ | ललितपुर | २७,००९ | १३४,४०८ | ८१,५०७ | ५२,९०१ | १५४ | **५.०** |
| ३०९ | काभ्रेपालान्चोक | १४,२८२ | ५४,५७५ | ३२,६५० | २१,९२५ | १४९ | **३.८** |
| ३१० | रामेछाप | ५,६२१ | २२,८१८ | १२,२७३ | १०,५४५ | ११६ | **४.१** |
| ३११ | सिन्धुली | ८,००१ | ३४,०८५ | १९,७७९ | १४,३०६ | १३८ | **४.३** |
| ३१२ | मकवानपुर | १६,०४१ | ४६,५८२ | २९,०१४ | १७,५६८ | १६५ | **२.९** |
| ३१३ | चितवन | २९,२३७ | १०४,६२७ | ६३,५१७ | ४१,११० | १५५ | **३.६** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४०१ | गोरखा | १०,९७२ | ३०,४२३ | १६,८३१ | १३,५९२ | १२४ | २.८ |
| ४०२ | मनांग | ४८७ | १,६९५ | ९७९ | ७१६ | १३७ | ३.५ |
| ४०३ | मुस्तांग | ७७५ | ३,१०६ | १,७७७ | १,३२९ | १३४ | ४.० |
| ४०४ | म्याग्दी | ५,०६३ | १६,६५२ | ८,४९८ | ८,१५४ | १०४ | ३.३ |
| ४०५ | कास्की | ३०,७४५ | १११,८१८ | ६५,९०१ | ४५,९१७ | १४४ | ३.६ |
| ४०६ | लम्जुंग | ६,४११ | २९,३९५ | १५,३५३ | १४,०४२ | १०९ | ४.६ |
| ४०७ | तनहुँ | १२,४३३ | ३६,६८६ | १९,६५२ | १७,०३४ | ११५ | ३.० |
| ४०८ | नवलपरासी पुर्व | १२,७४५ | ३८,३९६ | २२,०५३ | १६,३४३ | १३५ | ३.० |
| ४०९ | स्यांग्जा | ७,४१० | २०,९४६ | ११,०१९ | ९,९२७ | १११ | २.८ |
| ४१० | पर्वत | ४,७२० | १२,९८३ | ७,१८२ | ५,८०१ | १२४ | २.८ |
| ४११ | बाग्लुंग | ८,९२३ | ३०,३७२ | १६,१५५ | १४,२१७ | ११४ | ३.४ |
| ५०१ | रुकुम पुर्व | १,०२० | २,६०२ | १,४६३ | १,१३९ | १२८ | २.६ |
| ५०२ | रोल्पा | ५,०९४ | १५,४५६ | ७,५६६ | ७,८९० | ९६ | ३.० |
| ५०३ | प्युठान | ५,६०६ | २१,३७३ | ११,९३८ | ९,४३५ | १२७ | ३.८ |
| ५०४ | गुल्मी | ९,५४८ | २२,८७६ | १३,०७१ | ९,८०५ | १३३ | २.४ |
| ५०५ | अर्घाखाँची | ६,६१९ | १४,६१३ | ८,७६८ | ५,८४५ | १५० | २.२ |
| ५०६ | पाल्पा | ८,७०१ | २४,९०२ | १४,०८८ | १०,८१४ | १३० | २.९ |
| ५०७ | नवलपरासी पश्चिम | ११,२०८ | ४३,८६६ | २६,७७४ | १७,०९२ | १५७ | ३.९ |
| ५०८ | रुपन्देही | ३८,४०३ | १३४,७७२ | ९४,३५७ | ४०,४१५ | २३३ | ३.५ |
| ५०९ | कपिलवस्तु | १३,६०७ | ४०,६१० | ३०,७४२ | ९,८६८ | ३१२ | ३.० |
| ५१० | दांग | १४,४२१ | ४७,५९८ | २८,८४७ | १८,७५१ | १५४ | ३.३ |
| ५११ | बाँके | १८,६६६ | ६४,८८२ | ४४,३३३ | २०,५४९ | २१६ | ३.५ |
| ५१२ | बर्दिया | १४,८९६ | ४०,७१४ | २४,९४५ | १५,७६९ | १५८ | २.७ |
| ६०१ | डोल्पा | ८६० | ३,२२५ | १,९८२ | १,२४३ | १५९ | ३.८ |
| ६०२ | मुगु | १,७८२ | ५,८४९ | २,९५७ | २,८९२ | १०२ | ३.३ |
| ६०३ | हुम्ला | २,०१६ | ५,७३९ | ३,७५२ | १,९८७ | १८९ | २.८ |
| ६०४ | जम्ला | ३,०७८ | ८,४६३ | ५,२३५ | ३,२२८ | १६२ | २.७ |
| ६०५ | कालिकोट | ३,५३५ | ९,२०० | ५,९५७ | ३,२४३ | १८४ | २.६ |
| ६०६ | दैलेख | ६,३०८ | १४,८७४ | ८,९६७ | ५,९०७ | १५२ | २.४ |
| ६०७ | जाजरकोट | ३,३१६ | ८,४९४ | ५,३२६ | ३,१६८ | १६८ | २.६ |
| ६०८ | रुकम पश्चिम | ३,९९४ | १०,१८० | ६,१०३ | ४,०७७ | १५० | २.५ |
| ६०९ | सल्यान | ६,०९८ | १७,०१९ | ९,८२९ | ७,१९० | १३७ | २.८ |
| ६१० | सुर्खेत | ११,८२० | ३५,९०८ | २०,७०६ | १५,२०२ | १३६ | ३.० |
| ७०१ | बाजुरा | ३,८९१ | ८,८५९ | ५,९०५ | २,९५४ | २०० | २.३ |
| ७०२ | बझांग | ६,२१९ | १५,४४६ | १०,३६३ | ५,०८३ | २०४ | २.५ |
| ७०३ | दार्चुला | ३,४१३ | १०,८३७ | ७,३५४ | ३,४८३ | २११ | ३.२ |
| ७०४ | बैतडी | ४,३९५ | १२,२६८ | ८,८५८ | ३,४१० | २६० | २.८ |
| ७०५ | डडेलधुरा | ४,०५४ | ११,४६९ | ७,९३८ | ३,५३१ | २२५ | २.८ |
| ७०६ | डोटी | ३,६६७ | ९,८२६ | ६,५७१ | ३,२५५ | २०२ | २.७ |
| ७०७ | अछाम | ४,२८४ | १३,६८० | ९,४९४ | ४,१८६ | २२७ | ३.२ |
| ७०८ | कैलाली | २१,५४४ | ६६,७५३ | ४३,५०१ | २३,२५२ | १८७ | ३.१ |
| ७०९ | कञ्चनपुर | ११,५०१ | ३६,०६२ | २५,०४८ | ११,०१४ | २२७ | ३.१ |

*प्रदेश कोड ४ = गण्डकी, ६ = कर्णाली, ७ = सुदूरपश्चिम,*

## ***धन्यवाद***